मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १६० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख १५ गते शनिवार (Saturday, 27 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## लागूऔषध सहित २ जना पक्राउ

**बिर्तामोड, वैशाख १४।** सुनसरी धरानको विभिन्न स्थानबाट लागूऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। धरान उपमहानगरपालिका -८ तीनकुनेबाट इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान उपमहानगरपालिका ७ का ३४ बर्षीय प्रेम बिकलाई एभिल, फेनारगन, डाईजेपा, लुपिजेसिक लगायतका लागूऔषधसहित पक्राउ गरेको हो।

यसैगरी धरान उपमहानगरपालिका- १३ आपगाछीबाट अस्थाई प्रहरी पोष्ट अमरहाटबाट खटिएको प्रहरी टोलीले बसमा सवार मोरङको कानेपोखरी गाउँपालिकाका २३ बर्षीय उशन बिश्वकर्मालाई ४ केजी गाँजासहित पक्राउ गरेको प्रहरीले जनाएको छ।

## अढाई वर्षीया बालिकालाई बेचबिखन गर्ने पक्राउ



**काठमाडौं, वैशाख १४।** अढाई वर्षकी बालिकालाई बेचबिखन गरेको अभियोगमा ललितपुर गोदावरी नगरपालिका-१३ घर भई काठमाडौं जडिबुटी बस्ने उर्मिला भन्ने ४३ वर्षीया कल्पना विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ।

विश्वकर्माले मकवानपुरको एक परिवारकी बालिकालाई होस्टेलमा राखी पढाइदिने प्रलोभन देखाई काठमाडौंस्थित आफ्नै घरमा राखेको र झापाको काँकरभिट्टा पुऱ्याई भारत शिलगढी आएकी उनकै साथीलाई सुम्पिएको भन्ने सूचनाको आधारमा प्रहरी, राष्ट्रिय बालबालिका खोजतलास केन्द्र तथा राष्ट्रिय बाल अधिकार परिषद्को पहलमा ती बालिकाको उद्दार गरी हाल सुरक्षित आवासगृहमा राखिएको छ।

मानवबेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न विश्वकर्मालाई काठमाडौं भृकुटीमण्डपबाट पक्राउ गरेको हो।

उनी उपर मानवबेचबिखन तथा ओसार पसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# झापामा हात्तीपाइले रोग निवारण अभियान शुरु

**भद्रपुर, वैशाख १४।** झापामा हात्तीपाइले रोग निवारण अभियान शुक्रवारदेखि शुरु भएको छ।

जिल्ला स्वास्थ्य कार्यालय झापाले शुक्रबार पत्रकारहरूसँग गरेको अन्तरक्रिया कार्यक्रम पश्चात् हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने अभियानको शुभारम्भ गरेको हो।

कोशी प्रदेश सांसद छविलाल चुडाल, जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बराल, उपप्रमुख शान्ता रोका, प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेल लगायतले सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधिहरूले औषधि खाएर अभियानको शुभारम्भ गरेका हुन्।

झापासहित सात जिल्लामा यही वैशाख १६ गते ३० गतेसम्म आम औषधि खुवाउने कार्यक्रम रहेको छ। झापामा औषधि खुवाउने कार्यक्रमको शुभारम्भ गरेपनि वैशाख १६ गते जिल्लाका १५ वटा पालिकाका



१ सय ३१ वटा केन्द्रमा एकै पटक अभियान सञ्चालन हुने स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटीले जानकारी दिए।

झापा विगत १३ वर्षदेखि हात्तीपाइले रोगसँग लड्दै आएको छ। अधिकांशले औषधि सेवन नगरेका कारण झापामा सन् २०१२ देखि शुरु हात्तीपाइलेको औषधि खुवाउने अभियान अझै जारी रहेको स्वास्थ्य प्रमुख बाराकोटीले बताए। यस पटक अन्तिम अभियान बनाउन हामी सबै लागीपरेको उनको भनाइ छ।

झापामा गर्भवती महिला, सिकिस्त बिरामी र दुई वर्ष मुनिका बालबालिकाबाहेक साढे ९ लाख जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ। जिल्लामा अघिल्लो वर्ष ७७.६५ ले मात्र औषधि खाएका थिए।

यसपटक अभियानलाई सफल बनाउन भद्रपुर,

(बाँकी अन्तिम पृष्ठमा)

## मेचीनगरमा तीन खानेपानी आयोजना सम्पन्न

**झापा, वैशाख १४।** मेचीनगर नगरपालिका क्षेत्रभित्र तीनवटा ठूला खानेपानी आयोजना निर्माण भएका छन्। सङ्घीय खानेपानी मन्त्रालय र नगरपालिकाको संयुक्त लगानीमा बाहुनडाँगी, धुलाबारी र चारआलीमा खानेपानी आयोजना पूरा भएका हुन्।

मेचीनगरको समेत लगानी रहेको खानेपानी तथा सरसफाई आयोजनाअन्तर्गत बनेका ती आयोजनामा रु. १५ करोड ५७ लाख ३८ हजार छ सय ७७ खर्च भएको छ। काँकरभिट्टा खानेपानी आयोजनामार्फत मेचीनगर-४ बाहुनडाँगीमा निर्माण सम्पन्न भएको संरचना बिहीबारदेखि सञ्चालनमा आएको छ भने बाँकी दुईवटा आयोजना पनि शीघ्र सञ्चालन हुने मेचीनगर सहलगानी खानेपानी तथा सरसफाई आयोजनाका अध्यक्ष राजकुमार पराजुलीले बताए।

अध्यक्ष पराजुलीका अनुसार बाहुनडाँगीमा रु. छ करोड ३८ लाख चार सय १२, धुलाबारीमा रु. चार करोड ८० लाख ७६ हजार दुई सय १० र चारआलीमा रु. चार करोड ३८ लाख ४९ लाख ५५ को लागतमा आयोजना निर्माण गरिएको हो। आयोजनाका लागि बाहुनडाँगीमा स्थानीय अम्बिका कार्की र टेकबहादुर कार्कीले दुई कट्ठा जग्गा निःशुल्क उपलब्ध गराएका छन्। उक्त जग्गा पर्याप्त नभएपछि थप दुई कट्ठा खरिद गरेर ओभरहेड

(बाँकी अन्तिम पृष्ठमा)

## प्लाष्टिक झोलाको विकल्प खोज्दै महिला उद्यमी



**झापा, वैशाख १४।** श्रमप्रति अभिरुची जगाउँदै युवालाई उद्यमी बनाउने उद्देश्यले बिर्तामोड नगर क्षेत्रका युवालाई झोला बनाउने तालिम प्रदान गरिएको छ।

महिला उद्यमी संघ नेपाल झापाको आयोजनामा युवालाई रेग्जिन कपडाको झोला बनाउने तालिम प्रदान गरिएको हो। तालिम बिर्तामोड नगरपालिकाको आर्थिक सहयोगमा गत चैत २९ गतेबाट शुरु भएको हो। तालिममा नगरका १० जना महिलाले झोला बनाउन सिकेका थिए। रेग्जिन कपडाको झोला बनाउन सिप सिक्ने सबै दक्ष बनेको महिला उद्यमी संघ नेपाल झापाकी अध्यक्ष सुष्मा भण्डारी पौडेलले दावी गरिन्।

बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रादेवी महतरा प्रसाईको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा

(बाँकी अन्तिम पृष्ठमा)

# अवैध सुन र एक करोड ४३ लाख नगदसहित सातजना पक्राउ



**झापा, वैशाख १४।** उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अवैध सुन र रकमसहित सात जनालाई पक्राउ गरेको छ।

प्रहरीले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै १ हजार ७ सय ६८.२५ ग्राम सुन र डेढ करोड रुपैयाँसहित पक्राउ परेका सात जनालाई सार्वजनिक गरेको हो।

पक्राउ पर्नेहरूमा तीन भारतीय नागरिक रहेका छन् भने चारजना नेपाली छन्। भारतीय नागरिकहरू अमूल विभूति, ऋषिकेश प्रकाश विभूति र गणेश बाल्टे रहेको डिएसपी सुरक्षा केसीले

(बाँकी अन्तिम पृष्ठमा)

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा पठनपाठन गराइने, आफ्नै निजी भवन र खेल मैदानको प्रवन्ध भएको यस नवोदय शिक्षा सदन (इन्भेन्चर किन्डर हाउस)मा कक्षा नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुलेको सबैलाई जानकारी गराउँदछौं।

कक्षा ९ मा भर्ना हुनेलाई विशेष छुटको व्यवस्था गरिएको छ।



नवोदय शिक्षा सदन

बिर्तामोड ३, झापा

फोन : ०२३–५९१३२८ / ९८१६०५३६०१

# नेपाल–भारत सम्बन्धको विरासत 'जोखिममा'

**बिर्तामोड, वैशाख १४।** भारतमा जारी संसदीय निर्वाचनका निम्ति मुख्य विपक्षी दल कङ्ग्रेसले आफ्नो घोषणा पत्रमा 'अग्निपथ' भनिने छोटो समयका लागि हुने सैन्य भर्ती योजना रद्द गर्ने उल्लेख गरेपछि उक्त योजनाका कारण नेपालमा परिरहेको प्रभावको विषय पुनः चर्चामा आएको छ।



भारत सरकारले दुई वर्षअघिदेखि लागू गरेको सैन्य भर्तीको 'अग्निपथ' भनिने नयाँ योजनाअन्तर्गत नेपाल सरकारले नेपाली युवालाई भारतीय सेनामा भर्ना नलिन आग्रह गरेका कारण अहिले उक्त भर्ती ठप्प छ।

त्यसका कारण एकातिर 'लाहुरे' बन्ने सपना देखेका कैयौं नेपाली युवाहरू अन्योलमा छन् भने अर्कातिर दुई देशबीचको २०० वर्षदेखिको सैन्य सम्बन्धको विरासत जोखिममा परिरहेको विश्लेषकहरूले औंल्याएका छन्।

'अग्निपथ' योजनामा सामेल भएर भर्ती हुने 'अग्निवीर'हरूमध्ये ७५ प्रतिशतलाई चार वर्षको सेवापछि निश्चित रकम दिएर बहिर्गमन गर्ने अनि २५ प्रतिशतले मात्र निवृत्तिभरण पाउने गरी स्थायी सैन्य सेवामा लाग्न पाउने भनेर भारत सरकारले उसका सबै सैन्य भर्तीका लागि लगाएको नियमबाट नेपाल सरकार असन्तुष्ट बनेको थियो।

**युवाहरूको पर्खाइ**

भोजपुरको षडानन्द नगरपालिकाका नवीन तामाङले भारतीय गोर्खा पल्टनमा भर्ना खुल्ने आशा मारेका छैनन्।

उमेरले २१ पुगेका तामाङ देशभित्र रोजगारीको अवसर दिन नसकेको बेला नेपाल सरकारले यसरी भर्ती रोकिदिनुलाई निको मान्दैनन्। मेरा बाउबाजे पनि लाहुरे थिए, मैले पनि अन्य विकल्प नहुँदा यसमै इच्छा गरेको हुँ। तर सरकारले भर्ना रोकिदिँदा हामीजस्ता हजारौं युवा समस्यामा परेका छौं,- पूर्वी नेपालको धरानमा लाहुरे प्रशिक्षणमा सामेल हुँदै गर्दा उनले भने।

भर्ना खुलेमा मलगायत मेरो परिवारको भविष्य पनि बन्छ। नत्र त रोजगारको खोजीमा फेरि खाडीतिर भौँतारिनुपर्छ,- १२ कक्षासम्म पढेका तामाङले भने।

खोटाङको जन्तेढुङ्गा गाउँपालिका घर भएका उपेन्द्र मगरको दुखेसो पनि उस्तै छ। हामीलाई नेपालमा प्रगति गर्ने खासै कुनै बाटो छैन। लाहुरे एउटा विकल्प थियो। त्यसैले भारतीय सेनामा भर्ती चाँडै खुलेमा राम्रो हुने थियो,- एसईई उत्तीर्ण गरेका १९ वर्षीय मगरले भने।

नवीन र उपेन्द्रजस्तै युवाहरूलाई भारतीय सेना, ब्रिटिश सेना वा सिङ्गापुर पुलिसमा भर्ती पाउन सघाउन व्यवसायका रूपमा प्रशिक्षण केन्द्र चलाउँदै आएका प्रदेश राई युवाहरूको अवस्था देखेर चिन्ता लाग्ने गरेको बताउँछन्।

हेर्नोस्, हामीकहाँ सयौं युवा विद्यार्थी अहिले पनि आइरहेका हुन्छन्। कहिले अग्निपथको भर्ती खुल्ला भनेर उनीहरू आशामा छन्। नेपाल सरकारले आफ्ना युवालाई पर्याप्त रोजगारी दिन नसक्दा कैयौं युवा रुसी सेनामा गएको र ज्यान गुमाएको हामीले सुन्नु परेको छ।

(बाँकी अन्तिम पृष्ठमा)



# सार्वजनिकस्थलका खुला व्यायामशालाप्रति आकर्षण



**झापा, वैशाख १४।** स्वस्थ जीवन प्रवर्द्धनका लागि सार्वजनिकस्थलमा स्थापना भएका खुला व्यायामशालाप्रति झापामा सर्वसाधारणको आकर्षण बढेको छ ।

थोरै लागतमा निर्माण हुने खुला व्यायामशालाको स्थापना गर्न स्थानीय पालिकाले बजेट लगानी गरेका छन् भने त्यहाँ शारीरिक अभ्यासका लागि बालबालिकादेखि वृद्धवृद्धासम्म झुम्मिने गरेका छन् । मेची उद्योग वाणिज्य सङ्घका महासचिव दिनेश शाक्य 'मर्निङ वाक' का लागि मेचीनगर-१० स्थित निन्दा करिडर जान्छन् । करिडोरमा वडाले हालै निर्माण गरेको आधुनिक व्यायामशाला छ, जहाँ उनी दैनिक एक घण्टा बिताउँछन् ।

सबैले घरमा व्यायामका महँगा आधुनिक उपकरण किनेर राख्न सम्भव छैन- शाक्यले भने -सरकारले नै पायक पर्ने स्थानमा यस्ता खुला व्यायामशाला खोलिदिने हो भने आमनागरिक लाभान्वित हुन्छन् ।

मेचीनगर-१० को वडा कार्यालयले चालू आर्थिक वर्षको बजेटबाट रु. तीन लाख ४५ हजार ७ सय ४० दिएपछि रमणीय स्थान चयन गरेर खुला व्यायामशाला निर्माण गरिएको निन्दा करिडोर प्रवर्द्धन समितिका अध्यक्ष धर्मेन्द्र खड्काले बताए । पाँच दशकअघि निन्दा नदीको किनारमा निर्मित तटबन्ध क्षेत्रलाई सरसफाई, वृक्षरोपण र सौन्दर्यीकरण गरेर निन्दा करिडोरको रुपमा विकास गरेका छौँ- अध्यक्ष खड्काले भने -मर्निङवाकका लागि मानिस आउन थालेपछि हामीले यहाँ खुला व्यायामशाला निर्माण गर्ने सोच बनायौँ । हाम्रो प्रस्ताव राम्रो लागेपछि वडा कार्यालयले बजेट दियो ।

निन्दा करिडोरमा बिहान ५ बजेदेखि ९ बजेसम्म मर्निङवाकमा आउने दैनिक एक सयभन्दा बढी सर्वसाधारणले खुला व्यायामशालाको फाइदा लिइरहेको उनले बताए । निःशुल्क सेवा भएकाले विपन्न एवम् श्रमिक वर्गका मानिससमेत लागि खुला व्यायामशालामा आउने गरेका छन् ।

कनकाई नगरपालिकाले वडा नं -३ स्थित सुरुङ्गा बजारमा तीन वर्षअघि नै खुला व्यायामशाला निर्माण गरेको थियो । राजमार्गको बसस्टेन्ड छेउमा निर्मित उद्यानमै व्यायामशाला निर्माण गरिएको हो । 'स्वस्थ जीवन प्रवर्द्धन' कार्यक्रमअन्तर्गत कनकाई नगरपालिकाले प्रदेश सरकारको रु. १२ लाखमा आन्तरिक स्रोतबाट रु. ४५ लाख थपेर रु. ५७ लाखको लागतमा खुला व्यायामशाला र बाल उद्यान निर्माण गरेको हो ।

उक्त व्यायामशालामा १२ वटा आधुनिक उपकरण राखिएको छ । व्यायामशालाको उपयोग गर्नेले कुनै शुल्क तिर्नुपर्दैन । नगरवासीलाई स्वस्थ रहन प्रोत्साहित गर्न आफ्नै लगानीमा निःशुल्क व्यायामशाला सञ्चालनमा ल्याएका हौँ- कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेलले भने - निजी उपकरण राख्न धेरै खर्च लाग्छ । व्यावसायिक जिम हाउसमा जाँदा पनि शुल्क तिर्नुपर्छ । नगरवासीको आरोग्यताका लागि सुविधा उपलब्ध गराउनुलाई जिम्मेवारी ठानेर खुला व्यायामशाला निर्माण गरिएको हो । व्यायामशाला निर्माणका लागि कनकाई सामुदायिक वनले चार कट्ठा जग्गा उपलब्ध गराएको छ । सो जग्गामा व्यायामशालासँगै बाल उद्यान र सुरुङ्गाको कलात्मक प्रतीक पनि राखिएको छ ।

मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपाल बुढाथोकीले रोग लागेर उपचारका लागि महँगो खर्च गर्नुभन्दा रोग लाग्नै नदिने उपायको खोजीतर्फ लाग्नुपर्ने भएकाले नियमित व्यायामका लागि स्थानीय सरकार लगानी बढाउन तयार रहेको बताए ।

झापामा स्थानीय तहले व्यायामशालामा लगानी बढाउन थालेका छन् । मेचीनगर, कनकाई, भद्रपुर र हल्दिबारीले आफ्नै लगानीमा निःशुल्क व्यायामशाला सञ्चालनमा ल्याइसकेका छन् ।

बुद्धशान्ति-३ मा आदर्श सामुदायिक वन उपभोक्ता समितिले र हल्दिबारी-५ को शान्ति आधारभूत विद्यालयमा हल्दिबारी गाउँपालिकाले खुला व्यायामशाला निर्माण गरेका छन् । ती व्यायामशालालाई मर्निङवाकमा हिँड्नेले नियमित गन्तव्य बनाउने गरेका छन् । घुमघामका लागि आउने आन्तरिक पर्यटक पनि मनोञ्जनसँगै स्वास्थ्यका लागि व्यायामशालामा आकर्षित हुने गरेको बताइएको छ ।

हल्दिबारी गाउँपालिकाले 'गाउँवासीको स्वस्थ जीवन प्रवर्द्धन अभियान' अन्तर्गत खुला व्यायामशाला सञ्चालनमा ल्याएको जनाएको छ । खुला व्यायामशालाको प्रयोगमा महिलाको ठूलो सङ्ख्या आकिर्षत भएको पाइएको छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गत गाउँपालिकाले आन्तरिक स्रोतबाट रु. १५ लाख, र जनसहभागिताबाट रु. तीन लाख ६५ हजार गरी रु. १८ लाख २८ हजार तीन सय ६८ को लागतमा खुला व्यायामशाला निर्माण गरेको गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देनले जानकारी दिए ।

# मानवबेचबिखन गरेको अभियोगमा हवारी पक्राउ

**काठमाडौं, वैशाख १४।** क्यानडा पठाईदिन्छु भनी दुवई पुऱ्याई मानवबेचबिखन गरेको अभियोगमा बारा सिम्रौनगढ नगरपालिका-३ ठेगाना भई काठमाडौं नागार्जुन नगरपालिका-१ बस्ने फिरोज खाँन भन्ने २६ वर्षीय फरमान हवारी पक्राउ परेका छन् ।

टिकटकको माध्यमबाट चिनजान भएका हवारीले धेरै मानिसहरूलाई क्यानडा पठाईसकेको प्रलोभन देखाउँदै पीडितलाई दुवई पुऱ्याई बन्धक बनाई राखेको अवस्थामा पीडितको आफन्तको सहयोगमा नेपाल ल्याइएको हो ।

घटनामा संलग्न रही फरार रहेका हवारीलाई मानवबेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनसँगको समन्वयमा काठमाडौं नयाँ बानेश्वरबाट पक्राउ गरेको हो ।

हवारीले क्यानडा जानको लागि ३० लाख रूपैयाँ लाग्ने बताएको, पीडितलाई बिहे गर्ने सम्मको प्रलोभन देखाई नेपालमै पटकपटक यौन शोषण गरेको र विभिन्न समयमा ११ लाख २८ हजार रूपैयाँ रकमसमेत ठगी गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको प्रहरीले जनाएको छ । उनी उपर मानवबेचबिखन तथा ओसार पसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न अन्य प्रतिवादीहरूको समेत प्रहरीले खोजी गरिरहेको छ ।

# बिर्तामोडमा कथा भन्दै साइग्रेस




**झापा, वैशाख १४।** युवाहरु माझ लोकप्रिय रहेका कथावाचक साइग्रेस पोखरेलले बिर्तामोडमा शब्दयात्रा (वर्ड टुर) मार्फत कथा सुनाउने भएका छन् ।

वर्ड टुर वीथ साइग्रेस नामक कार्यक्रम अन्तरगत उनले बैशाख १५ गते आज शनिवार चारपानेस्थित पर्शुराम पार्टी प्यालेसमा उपस्थित युवाहरुलाई उत्प्रेरणात्मक कथा सुनाउने भएका हुन् ।

बिर्तामोडमा रहेको सीआईसी एजुकेशन हवको आयोजनामा हुने कार्यक्रममा पोखरेलले यसपटक सङ्गीतका साथ कथा सुनाउने भएका हुन् । उच्च शिक्षा अध्ययनका लागि क्यानडा जान चाहने विद्यार्थीहरुलाई उत्प्रेरणा जगाउन कार्यक्रमको आयोजना गरिएको सीआईसी एजुकेशन हवकी सिनियर काउन्सिलर तथा बिर्तामोड शाखाकी म्यानेजर आश्मा लुइँटेलले जानकारी दिइन् ।

सन २०२१ देखि वर्ड टुर आयोजना गर्दै कथा भन्दै अघि बढेका पोखरेलले दोस्रो संस्करणको ५५ औं सृङ्खला अन्तरगत बिर्तामोडमा कथा सुनाउने भएका हुन् । सबै उमेर समूहकालाई मन छुने कथा सुनाउँदै आएका साइग्रेसले कथाका माध्यमबाट बिचारहरुको मन्थन गर्नुका साथै तत्कालीन परिस्थितिलाई समेत कथाका माध्यमबाट समाधान खोजिने बताए । कार्यक्रममा कुवेर सुनार र अनुप सुनारको सङ्गीतमा साइग्रेसले कथा भन्ने छन् ।

कार्यक्रमलाई रोट्याक्ट क्लव अफ बिर्तामोड मिड टाउनले सहयोग गरेको कल्वका अध्यक्ष जितेस अग्रवालले बताए ।

# साइबर सुरक्षा सम्बन्धी छलफल




**बिर्तामोड १४ बैशाख ।** झापाको बिर्तामोडमा आयोजित एक कार्यक्रमका बीच प्रविधिको बढ्दो प्रयोग, साइवर अपराध र कानूनी व्यवस्थाबारे छलफल भएको छ ।

नारी सञ्चार गृह झापाकी अध्यक्ष रेजिना गौतमको अध्यक्षता तथा बिर्तामोड नगरपालिका ४ नम्बर वडाका वडाध्यक्ष राहुल शर्माको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रममा प्रमुख अतिथि शर्माले प्रविधि अभिन्न अंग बनिसकेको अहिलेको युगमा प्रविधिको प्रयोगबाट हुने जोखिमबारे सबैले सचेत रहनुपर्ने बताए ।

पटकपटकको छलफल गर्दा समय अनुसार प्रविधिको प्रयोगबाट हुने अपराध र त्यस बिरुद्ध भएका कानूनी व्यवस्थाबारे सबैले सचेत हुन आवश्यक ठानेको उल्लेख गर्दै उनले सहभागीहरुलाई ध्यानपूर्वक सिक्न र सिकेको कुरा अरुलाई पनि शेयर गर्न सुझाए ।

बिर्तामोड-४ नं. वडा समितिको सहयोग र नारी सञ्चार गृह झापाको आयोजनामा सम्पन्न कार्यक्रममा प्रविधि प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी, जानीनजानी हुने कमीकमजोरीका कारण भोग्नुपर्ने समस्या र कानूनमा भएका व्यवस्थाबारे इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक नरेश लिम्बूले सहजीकरण गरेका थिए ।

कार्यक्रममा बिर्तामोड -४ का टोलविकास संस्थाका प्रतिनिधि, तथा विभिन्न क्षेत्रका किशोर किशोरी, विद्यार्थी, अभिभावक तथा शिक्षकसहित ११० जनाको सहभागिता रहेको आयोजक संस्थाकी सदस्य दीपा पोखरेलले जानकारी दिइन् ।

कार्यक्रम संयोजक स्वस्तिका आचार्यले स्वागत तथा जोस्ना श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा प्रमुख अतिथि शर्मा, मानव अधिकार सञ्जाल झापाका अध्यक्ष खनाल, नेपाल महिला उद्यमशील संघ नेपालकी अध्यक्ष पार्वता खरेल विमली, टोल विकास संस्थाका सूर्यप्रसाद मैनाली लगायतले बोलेका थिए । कार्यक्रममा नारी सञ्चार गृह झापाकी निवर्तमान अध्यक्ष भीमा शिवाकोटी, महिला मुक्ति अभियानकी कोषाध्यक्ष भगवती मेचे, यादव ओली लगायतको उपस्थिति रहेको थियो ।

धनबहादुर थापा गोर्खा सैन्य भर्तीका बारे जारी गतिरोधका कारण चिन्तित छन् ।

यो हाम्रो लाहुरे परम्परा भनेको २०० वर्षको इतिहास भएको सम्मानजनक परम्परा हो । यसले भारत र नेपालबीचको सम्बन्ध गाढा बनाएको छ । आजको दिनमा पनि भारतीय सेनाले नेपालीका निम्ति ठाउँ खाली राखेका छन् । यो विरासत नतोडौँ भन्ने उनीहरूको मानसिकता छ । तर अब कति समय पर्खेलान् भन्न सकिँदैन - भारतीय सेनामा सेवा गरेका नेपालीहरूको सङ्गठन यूनाइटेड फेडरेशन फर एक्स सर्भिसमिन एन्ड पोलिस वेल्फेअरका अध्यक्ष समेत रहेका थापाले भने । तर कतिपय विश्लेषकहरूले चाहिँ अर्काको देशमा सेना बन्न दिने यो विरासत नै उचित नभएको भन्दै अग्निपथकै बहानामा यसलाई विस्तारै अन्त्य गर्न दिनुपर्ने ठान्छन् ।

कुनै द्विपक्षीय वा त्रिपक्षीय सम्झौता गरेर गोर्खा सेनालाई विदेशमा भाडाका सैनिक बनाउने विषय नै ठीक होइन । त्यसैले भारतले अग्निपथ ल्याएर यो भर्ती बन्द हुने प्रक्रिया हुनु भनेको आफैँमा उचित हो भन्ने लाग्छ,- पूर्वसांसद एपम् सुरक्षा विश्लेषक दीपकप्रकाश भट्टले भने।

यही बेला ब्रिटिशसँगको गोर्खा भर्ती सम्झौता पनि समीक्षा गर्नुपर्छ । हुन त नेपाल सरकारले त्यस्तो कुनै अडान राखेर यो (अग्निपथअन्तर्गत भर्ती बन्द) भइरहेको छैन । तर पनि सरकार मौन बस्दा त्यही दिशामा प्रक्रिया अघि बढ्नु पनि राम्रै हो,- भट्टले भने ।

**के भन्छ नेपाल सरकार ?**

सन् २०२२ को जुन महिनामा जब भारत सरकारले अग्निपथ योजना लागू गर्ने निर्णय गऱ्यो तब तत्काल नेपालले कुनै आधिकारिक टिप्पणी गरेन ।

तर केही महिनापछि भारतीय सेनामा भर्तीको सूचना निस्कँदा उक्त प्रक्रिया शुरु हुन एक दिनअगाडि नेपालका ताकालीक परराष्ट्रमन्त्री नारायण खड्काले भारतीय राजदूतलाई बोलाएर भर्ती रोक्न आग्रह गरेको गोपाल गुरुङ सम्झन्छन् ।

यो विषयलाई नेपालमा राजनीतिक रङ्ग दिइएको जस्तो लाग्छ । पक्कै पनि अग्निपथको योजना ल्याउनुअगाडि नेपालसँग परामर्श गरेको भए राम्रो हुने थियो होला । तर भारतले नीति नै ल्याइसकेपछि त्यसबारे कम्तीमा छलफल हुनुपर्थ्यो । अहिले त यो मामिला सेलाएर गएको छ- उनले भने। गत वर्ष परराष्ट्रमन्त्री रहेका नेपाली कांग्रेसका नेता एनपी साउदले भनेका थिए,-भारतभित्रै अग्निपथबारे बहस चलिरहेको छ । नेपालले चाहिँ यसबारे राष्ट्रिय सहमति बनाएर मात्र निर्णय गर्ने छ । अग्निपथको विषय द्विपक्षीय वार्तामा उठेको पनि उनले बताए । पहिले अनौपचारिक कुराकानीमा कुनै समाधान निस्किएपछि मात्र औपचारिक सहमति हुन सक्ने उनले बताए ।

वर्तमान उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको भनाइ पनि उस्तै छ । उनले यसबारे प्रतिक्रिया दिए: अहिलेकै स्थितिमा सहमति (अग्निपथ भर्तीबारे) हुने अवस्था छैन। छलफल चलिरहेको छ ।

नेपाली पक्षले यसबारे गरेका आशङ्कामा चार वर्षपछि फर्किने युवाहरूलाई देशभित्र कसरी काम दिने भन्ने पनि छ । भारत ठूलो अर्थतन्त्र भएको देश हो । त्यहाँ सेनाबाट निस्किएकाहरूका निम्ति धैरै अवसर होलान् - अर्धसैनिक बलहरूमा जान सक्लान् वा उद्योगधन्दामा जान सक्लान् । हामीकहाँ त्यो छैन- साउदले भने । उनले सैन्य प्रशिक्षित मानिसहरू फर्किएर अन्य काम पाएनन् भने अहिले हामीले रुस र युक्रेनमा नेपाली युवा गएको जस्तो क्रमले झन् तीव्रता पाउन सक्ने बताए । (वीवीसी)

## मेचीनगरमा...

ट्याङ्की, फिल्टर, कार्यालयलगायत संरचना बनाइएको छ । बाहुनडाँगी खानेपानी आयोजनाबाट मेचीनगर नगरपालिकाका वडा नम्बर २, ३ र ४ का एक हजार नौ सय परिवारलाई स्वच्छ पेयजल प्राप्त हुनेछ ।

## झापामा...

कनकाईसहित अन्य केही पालिकाहरूले हात्तीपाइले कार्ड नै जारी गरेका छन् । औषधि खाएका व्यक्तिले कार्ड लिनुपर्ने हुन्छ । कार्ड लिएर पालिकाहरूमा गए मात्र सेवा सुविधा पाउने नियम बनाएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

हात्तीपाइले (फाइलेरिया) रोग मानिसलाई शारीरिक रुपमा अशक्त, असमर्थ तथा अपाङ्गता गराउने सरुवा रोग हो । यो एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीको सङ्क्रमणले गर्दा हुन्छ । यो रोग क्युलेक्स जातको संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । यस रोगका लक्षण तथा चिन्हहरू प्राय लामो समयपछि मात्र देखा पर्दछन् । मानिसको शरीरमा यस रोगको परजीवी प्रवेश गरेको ८ देखि १६ महिनामा मात्र रोगको लक्षण देखिन्छ । शुरुका अवस्थामा ज्वरो आउने, जाडो हुने, शरीरमा कम्पन आउने, लिम्फ नलीहरू सुन्निने, रातो हुने, हात गोडामा नीला काला धर्साहरू देखिने, शरीरमा भएका गिर्खाहरूको आकार बढ्ने, दुख्ने, पुरुषको अण्डकोष वरपरका नशाहरू सुन्निने, दुख्ने, दुख्नेजस्ता लक्षण चिन्हहरू देखिन्छ । शुरुका अवस्थामा औषधि उपचार गरेमा यो रोग पूर्ण रुपमा निको हुन्छ । तर समयमा उपचार नपाएमा संक्रमण भएको १०-१५ वर्षमा यस रोगको दीर्घकालीन असरहरू देखिन्छ जस्तैः खुट्टा फुलेर हात्तीको जस्तो खुट्टा हुने, हात फुल्ने, पुरुषमा हाइड्रोशील हुने, महिलाको स्तन र योनाङ्ग सुन्निने आदि हुन्छन् । यी समस्याहरू पूर्ण रुपमा स्थायी प्रकृतिको हुन्छ अर्थात् कहिल्यै निको हुँदैन । यसले मानिसलाई कुरूप, अशक्त र अपाङ्गता गराउने स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले बताए ।

## अवैध...

जनाएकी छिन् । यस्तै नेपालीहरुमा दिनेश खरेल, आयुष बडू, भरतराज खरेल र गणेश दत्त बडू रहेका छन् ।

उनीहरु मध्ये वर्ष ३० का दिनेश खरेल, सोही स्थानका वर्ष २२ का भरतराज खरेल झापा बिर्तामोडका रहेका छन् । काठमाडौं वडा नं -२४ मा केही व्यक्तिहरुले अवैध सुनको कारोबार गरिरहेको गोप्य सूचना दिएपछि खटिएको प्रहरी टोलीले खोजी गर्ने क्रममा दार्चुला महाकाली नगरपालिका वडा नं ३, ४७ बडुसहित सात जना व्यक्तिलाई सुन जस्तो देखिने पँहेलो धातुको टुक्राहरु ९ थान, तौल १ हजार ७ सय ६८.२५ ग्राम र नगद रु. १ करोड ४३ लाख ६० हजारसहित फेला पारी पक्राउ गरिएको डिएसपी केसीले जानकारी दिएकी छिन् ।

## प्लाष्टिक...

सहभागीले प्लाष्टिक झोलालाई विस्थापित गर्दै आफ्नै उत्पादनलाई प्रयोग गर्नसके बेरोजगारको समस्या समेत हल हुँदै जाने बताइन् । कार्यक्रमकी प्रमुख अतिथि प्रसाईले सिप सिक्ने सबैलाई आफूले सिकेको सिप व्यवहारमा उतार्न आग्रह गरिन् । उद्यम गर्न चाहने युवालाई नगरले सहयोग गर्ने बताउँदै नगर प्रमुख प्रसाईले आफूले उत्पादन गरेको सामग्री बजारीकरणमा समस्या देखिए सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

संस्थाकी निर्बतमान अध्यक्ष नैनकला भट्टराईले स्वागत गरेको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, मेची उद्योग वाणिज्य संघकी उपाध्यक्ष निर्मला चौहान, वान नेपालका अध्यक्ष मीरा काफ्ले, पाथीभरा टोलसुधार संस्थाका अध्यक्ष तेजप्रकाश शिवाकोटी,नेपाल प्रेस युनियनका केशी प्रदेश महासचिव ज्ञानेन्द्र निरौला, संचारिका समूहकी अध्यक्ष लीला अनमोल लगायतले बोलेका थिए ।

महिला उद्यमी संघ नेपाल झापाकी वरिष्ठ उपाध्यक्ष शर्मिला अधिकारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन महासचिव यमुना तिवारी चिमरियाले गरेकी थिइन् ।

## नेपाल...

त्योभन्दा त अग्निवीर बन्न अनुमति दिँदा नै उचित हुन्थ्यो,- काठमाण्डूस्थित एक प्रशिक्षण केन्द्रका निर्देशक राईले भने ।

पोखरास्थित गोर्खा प्रशिक्षण केन्द्रका प्रमुख राहुल पाण्डे गोर्खा भर्ती बन्द हुँदा सबभन्दा धेरै दुर्गम गाउँका युवाहरू मर्कामा परेको बताउँछन् ।

**के हो अग्निवीर ?**

सन् २०२२ को जुनमा भारत सरकारले उसको सेनामा अधिकृत तहभन्दा तलका सबै भर्तीमा लागू हुने गरी अग्निपथ योजना अनुमोदन गरेको थियो ।

उक्त योजनाअनुसार भर्ती भएका 'अग्निवीर' जवानहरूको कार्यकाल चार वर्षको मात्र रहने छ । तीमध्ये छानिएका २५% जवानहरूलाई भने चार वर्षपछि पनि सेनामा अगाडि बढ्ने अवसर दिइने छ । बाँकी ७५% लाई भने 'सेवानिधि' भनिएको एकमुष्ट करिब २० लाख रुपैयाँको प्याकेजसहित बिदाइ गरिने छ ।

यसअघि भने भारतीय सेनामा पेन्सन पाक्ने गरी जवानहरूको भर्ती लिने गरिन्थ्यो । नयाँ अग्निपथ योजना लागू हुनासाथ नेपाल सरकारले त्यसले गोर्खा सैन्य भर्तीसम्बन्धी भारत, नेपाल र ब्रिटेनबीचको त्रिपक्षीय सम्झौताको मर्म उल्लङ्घन गरेको सङ्केत गर्दै आफ्ना नागरिकलाई भर्ती लिन बन्द गर्न भारतलाई आग्रह गरेको थियो। सन् १९४७ मा भएको उक्त त्रिपक्षीय सम्झौता बमोजिम नेपाली नागरिकहरूले ब्रिटिश तथा भारतीय सेनामा भर्ती हुन पाउँछन् ।

नवीन तामाङले भने -चार वर्षको मात्र सेवा अवधि भए पनि अनुभव, सिप अनि हातमा केही पैसा हुन्छ । नत्र, सरकारले त्योभन्दा राम्रो विकल्प दिनुपऱ्यो ।

अर्का युवा उपेन्द्र मगर अग्निवीर बन्दा केही वर्षका लागि भए पनि अवसर पाइने बताउँछन् । -त्यसपछि अरू बाटो खुल्छ । केही पैसा जोहो हुन्छ । हामी नेपालमै फर्किएर केही गर्न पनि सक्छौ उनले भने ।

**'विरासत नै खतरामा'**

नेपाल भारत सम्बन्धका जानकारहरू सैन्य सम्बन्धलाई दुई देशबीच रहेको महत्वपूर्ण विरासत ठान्छन् ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ को अगस्टमा नेपाल भ्रमणका क्रममा गरेको सम्बोधनमा -हिन्दूस्तानले त्यस्तो कुनै लडाइँ जितेको छैन, जसमा कुनै नेपालीको रगत नबगेको होस्, कुनै नेपालीले शहादत प्राप्त नगरेको होस् भनेर उक्त सम्बन्धको चर्चा गरेका थिए ।

सन् १९४७ मा जब भारतबाट ब्रिटिश शासकहरू फर्किए त्यतिखेर भएको त्रिपक्षीय सम्झौताअन्तर्गत गोर्खा पल्टनको भाग लगाइएको थियो ।

तात्कालीक भारतीय सेनामा रहेका १० वटा गोर्खा रेजिमेन्टमध्ये छ वटा स्वतन्त्र भारतको सेनाकै अङ्गका रूपमा रहिरहे भने बाँकी चार रेजिमेन्ट ब्रिटिश सेनामा समाहित भए । अहिले भारतीय सेनामा सातवटा गोर्खा रेजिमेन्ट तथा तिनका ३९ वटा बटालियन रहेका छन् । ती रेजिमेन्टहरूमा भर्ती हुनेहरूमध्ये ६० प्रतिशत जति नेपालका अनि ४० प्रतिशत जति भारतका नेपालीभाषी गोर्खाली समुदायका हुने गरेका छन् । अहिले भारतीय सेनामा करिब ३२,००० गोर्खा सैनिक रहेको अनुमान छ ।

अग्निपथ योजना सन् २०२२ मा लागू भए पनि नेपालबाट भारतीय सेनामा हुने भर्ती कोभिडका कारण सन् २०२० देखि नै प्रभावित भएको छ ।

हरेक वर्ष १,२०० देखि १,४०० गोर्खा सैनिक नेपालबाट भर्ती हुन्थे । सालिन्दा त्यति नै अनुपातमा अवकाशमा जान्छन्। अब यसरी भर्ती रोकिँदा पक्कै पनि एक दिन त्यो सङ्ख्या शून्यमा झर्छ,- भारतीय सेनाका अवकाशप्राप्त मेजर जेनरल गोपाल गुरुङले भने ।

उनले बिस्तारै यो विरासत मासिने आशङ्का व्यक्त गरे । अग्निपथ र पुरानो प्रणालीको तुलना म गर्न चाहन्नँ । पक्कै पनि नेपालका आफ्ना चिन्ता र चासो होलान्। तर यो नयाँ प्रणाली बिनाभेदभाव सबैमा लागू गरिएको हो । त्यसैले नेपाल सरकारले यसबारे सोच्नुपर्छ, समय घर्किंदो छ - उनले भने । म स्वयम् यो विरासतको एउटा अङ्गको रूपमा रहेँ । भारतीय सेनामा काम गरेका मजस्ता सैनिक, परिवार र तिनको पुस्ताले यसलाई केवल कमाइखाने मेलो मात्र मान्दैनन् । यो त हाम्रो निम्ति भावनात्मक सम्बन्ध हो जसलाई राजनीतिज्ञहरूले सायद कहिल्यै बुझ्न सक्दैनन्,-गुरुङले भने । भारतीय सेनाका अवकाशप्राप्त कर्नेल


## माइग्रेसन सर्टिफिकेट हरायो

झापाको धुलावारीबाट बिर्तामोड जाने क्रममा यही मिति २०८०।१२।१० गते मेरो निम्न व्यहोराको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम :-** निर्जला बडाल
**ठेगाना :-** मेचीनगर -१०, धुलावारी
**नम्बर :-** ६१०३४
**सम्पर्क नं. :-** ९८२५९१३५९०

## भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*सूचना प्रकाशित मिति : २०८१/०१/१५*

यस कार्यालयलाई आवश्यक पर्ने विद्यार्थी पोशाक (सिलाई ज्याला समेत) आपूर्ति सम्बन्धी पर्न आएको बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि आशय प्रकट गरिएको हुँदा सार्वजनक खरिद एन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बोलपत्र ठेक्का कामको विवरण | स्वीकृतका लागि छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्रमा स्वीकृत रकम रु. (मु.अ.कर.सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यार्थी पोशाक (सिलाई ज्याला समेत) | श्री एभरेष्ट स्कूल युनिफर्म प्रालि (कर दर्ता नं. ६०४२६०१७८) गोकर्णेश्वर नपा -१२, काठमाडौ | १९,८९,६६४।०० | |


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

# परलोकमा विप्रेषण



प्रमोद शर्मा

'महाराज ! धर्तीलोक भन्दा पर अर्को लोक छ, परमात्माले सबै संसार चलाइरहेका छन् भन्ने कुरामा कसरी विश्वस्त हुने ? परमात्मा छन् भने उनीसँग कसरी साक्षात्कार हुने ? धर्तीलोकको हाम्रो आर्जन मृत्यु पश्चात् पुरै व्यर्थ हुने हो भने यत्रो मेहेनत-परिश्रम र दौडधुप किन गर्नु ?'

हे भक्त, साधारण सांसारिक गृहस्थको रूपमा तिमीले राखेको जिज्ञासा अत्यन्त सान्दर्भिक र उपयुक्त छ। हाम्रो सनातन हिन्दू धर्मसँग सम्बन्धित गौरवशाली पौराणिक ग्रन्थहरूको गहन अध्ययनबाट र स्वयम्को चिन्तन, ध्यान, जप एवम् तपशक्तिबाट मात्र अनुभूत गर्न सकिने परमात्माको साक्षात्कारको विषयमा मैले यो अल्प समयमा तिमीलाई पुरै छर्लङ्ग बनाउन त नसकौंला, तर त्यो सत्मार्गमा एउटा पाइला अघि बढाउन तिमीलाई प्रेरित गर्ने कोशिश अवश्य गर्नेछु।

पञ्चतत्त्वले बनेको हाम्रो शरीरमा आत्माको प्रविष्टि बिना जीवनको अस्तित्व नहुने र जीवनचक्रको समाप्ति पश्चात् आत्माले शरीर छोडेपछि शरीर पुनः पञ्चतत्त्वको पिण्डमा सीमित रहने कुरामा कुनै द्विविधा नहोला। जीवनकालभर हाम्रो मन र शरीर सञ्चालन गर्ने आत्मा नै परमात्माको अंश हो। परमात्मासँग आत्मा निरन्तर सम्पर्कमा रही उचित मार्गदर्शन प्राप्त गरिरहने वातावरण बनाउन सकेमा शरीरका इन्द्रियहरू आत्माको वशीभूत भइ जीवन सत्मार्गतर्फ डोरिन्छ र सार्थक बन्छ, अन्यथा लगाम बिनाको घोडा झैँ मन इन्द्रियको वशमा परी जीवन दिशाहीन हुन पुग्छ र मूल्यहीन भै नासिन्छ।

आत्माको परमात्मासँग सम्पर्क कसरी स्थापित गराउने भन्ने सन्दर्भमा यी दुवैलाई तरङ्गको रूपमा बुझ्दा सजिलो होला। दुई फरक लोकमा रहने हुँदा यिनीहरूको प्रकृति अथवा फ्रिक्वेन्सी फरक हुन्छ। रेडियो स्टेशनबाट प्रशारित तरङ्ग अनुरूपको सामाग्री आफ्नो रेडियोमा बजाउन रेडियोलाई ट्यूनिङ् गरी रेडियो स्टेशनको फ्रिक्वेन्सीसँग मिलान गराउनु पर्दछ। त्यस्तै, आत्माको परमात्मासँग सम्पर्क स्थापित गराउन पनि आत्मालाई ट्यूनिङ् गराउनु पर्ने हुन्छ जसका विभिन्न उपायहरू छन् र यसको पहिलो खुड्किलो हो आत्मपरिष्कार।

आत्मालाई विकारशून्य बनाउन परमात्मालाई एउटा तेजपुञ्जको रूपमा अथवा ओमकार स्वरूपमा अथवा आफूले मानी आएको ईश्वरको कुनै पनि स्वरूपमा कल्पना गरी मनलाई त्यसैमा केन्द्रित गरेर पूर्ण विश्वास र समर्पणका साथ ध्यान गर्न सकिन्छ। शक्तिशाली मन्त्रहरूको नियमित र अनुशासित जप, मन्त्रानुष्ठान आदि कार्यले आत्मपरिष्कारलाइ गति प्रदान गर्दछ। त्यसभन्दा अझमाथि उठ्ने हो भने विभिन्न किसिमका तपहरूको माध्यमले परमात्मासँगको दूरी छोट्याउन सकिन्छ। सामान्य किसिमका व्रतहरूको अनुष्ठान गर्ने, धार्मिक, आध्यात्मिक, नैतिक जीवनशैली अनुशासित रूपमा अनुशरण गर्ने देखि लिएर अन्न जल त्याग गरी शरीरलाई सुषुप्त अवस्थामा प्राण वायुको शक्तिको भरमा सञ्चालन गराई कठोर तपस्या गर्ने सम्मका विधि यसमा पर्दछन्।

यसरी निरन्तरको जप तपले आत्मा परिष्कृत हुँदै जान्छ, परमात्मासँग ट्यूनिङ् मिल्दै जान्छ र अथाह शक्ति आफूभित्र सञ्चय हुँदै जान्छ। एउटा अवस्थामा पुगेपछि परमात्मासँग आत्माको ट्यूनिङ् अधिकतम मिल्न जान्छ र व्यक्ति सिद्ध पुरुष (अथवा महिला) बन्दछ। मन्त्रानुष्ठानबाट आर्जित शक्ति, तपोबल आदिले हनुमानजीको जस्तो अष्ट सिद्धि र नौ निधि समेत प्राप्त गर्न सकिने कुरामा विश्वास गर्न सकिन्छ।

सिद्ध व्यक्ति यति शक्तिशाली हुन्छ कि उसले आफ्नो सञ्चित शक्तिको बलमा कसैलाई वरदान दिने अथवा श्राप दिने सामर्थ्य राख्दछ। जसरी बैंकमा जम्मा गरिएको पुँजीबाट हितभावले लोकोपयोगी कार्यमा खर्च गरे पनि, अथवा कसैको विनाश गर्ने उद्देश्यले अपराधिक क्रियाकलापमा खर्च गरे पनि आफ्नो बैंक व्यालेन्स घट्ने गर्छ, त्यसै गरी स्वार्थ प्रेरित अथवा अहंकार जनित उद्देश्यले कसैलाई वरदान दिने वा श्राप दिने कार्य गर्दा आफ्नो सञ्चित तपशक्ति अवश्य क्षय हुन्छ। यसलाई कुनै कम्पनीको आर्जित मुनाफासँग पनि तुलना गर्न सकिन्छ। आर्जित मुनाफा कम्पनीले बोनस बाँडेर सिध्याउन पनि सक्छ र कम्पनीको थप विकासको लागि उपलब्धिमूलक कार्यमा खर्च गरेर आफ्नो नेट वर्थ बढाउँदै लैजान पनि सक्छ।

यस लोकमा आर्जित धन सम्पत्ति अथवा तपशक्तिलाई परलोकमा कसरी उपयोग गर्न सकिन्छ भन्ने सन्दर्भमा यसलाई मुद्रा सटहीको अवधारणामा बुझ्न सकिन्छ। एउटा देशको मुद्रा अर्को देशमा साधरणतया चल्दैन, तर तोकिएको दरमा वैधानिक तवरले मुद्रा सटही गरी अर्को देशमा लगेर खर्च गर्न सकिन्छ। त्यस्तै, धर्ती लोकको आफ्नो आर्जन पनि धर्मानुकूल नैतिक आचरण, सात्त्विक आहार विहार, कुल, पितृ, ईश्वरको सेवा र दीनहीनका लागि गरिने दान-पुण्यादि कर्महरूबाट परलोकमा विप्रेषण गर्न र मृत्यु पश्चात् आफ्नो इच्छानुरूप उपयोग गर्न सकिन्छ।

यति भन्दा भन्दै भक्तले महाराज हजुरको घाँटी सुक्यो होला, पानी लिनुहोस् भनी गिलास थमाउन खोज्दै थियो। हातको तालमेल नमिल्दा गिलास भुइँमा झरेर चर्को आवाजमा ट्याङ्ग्याङ्ग गर्‍यो। म झसङ्ग भएर ब्युँझिएँ र सपनामा मैले दिएको आध्यात्मिक प्रवचनको किस्सा पनि गिलाससँगै झर्यामझुरुम भयो ।

लघुकथा

# लच्छिनको खाट



सुरेश राई

गाइँगुइँ हल्ला चलेको थियो फुर्के र लक्ष्मीको बारेमा। गाउँभरीमा लक्ष्मीको घरमा मात्रै टीभी थियो। गाउँका युवा युवती साँझ परेपछि टीभी हेर्न भेला हुन्थे। हल्ला यो थियो कि लक्ष्मीको बाउआमा घरमा नहुँदा फुर्के दिउँसै सुटुक्क लक्ष्मीकहाँ टीभी हेर्न एक्लै एक्लै धाउँछ। उमेर पुगेकाहरू यो हल्लामा मजा लिन्थे र जिब्रो टोक्थे।

त्यो साँझ पनि सबै जना टिभी हेर्न भेला भइसकेका थिए। फुर्के पनि त्यहाँ नहुने कुरै थिएन। फुर्के निकै फुर्के मुडमा देखियो। उसले आफू अडेस लागीरहेको टीभी कोठाको छेउमा भएको खाटमा निधार टेकाउँदै उक्त खाटलाई ढोगेको नक्कल गर्‍यो र सबैले सुनिने गरी छिल्लिँदै भन्यो-

'यो खाट, सारै लच्छिनको खाट गाँठे !'

छीभी हेर्ने जति जम्मै गलल हाँसे। उनीहरूले बुझे त्यो खाट किन लच्छिनको भनेर। लक्ष्मी बिचरी लाजले रातो न रातो भई। लक्ष्मीको सानो स्कुले भाइले कुरा बुझेन र सोध्यो- 'फुर्के दाइले के भन्नु भा ?' कुनाबाट कसैको स्त्री आवाजमा जवाफ आयो- 'यो तिम्रो दिदी लछिमीको खाट हो रे, के बाबू !'

विचरा सानो भाइ सोच्दै थियो- 'यसमा हाँस्नु पर्ने कुरा के छ त ? हो त, लछिमी दिदीकै खाट त हो !'

लघुकथा

# शोकशक्ति



नन्दलाल आचार्य

खाकको थुप्रो वरपर टक्र्याकटुक्रुक बसेर झोक्रिरहेका थिए वनका सारा जन्तुहरू !

भालु- समस्याले पनि एकै पटक घेर्दो रहेछ जिन्दगीमा।

हात्ती- मैले साँघुरो ठाउँमा नबसौँ भनेको कसैको कानमा बतास पसेन।

घोडा- बाजा बजाएर दैव किन आउँथ्यो र ?

मयुर- हामी एक मनका भएर अलौकिक काम गरेको कसैलाई पचेन ?

गधा- त्यसैले त अपराधी पत्ता लगाउन अनुसन्धान थालौँ।



त्यति नै बेला अर्को जङ्गलबाट ब्वाँसो आइपुग्यो। उसले समाचार बुझ्न चाह्यो।

स्याल अघि सरेर भन्न थाल्यो- 'ब्वाँसो भाइ, यस जङ्गलका हामी सबैको शरीर अनेक छ तर भावना एक छ। यसलाई देखेर कसैले हामीलाई भाँड्न षड्यन्त्र गर्‍यो।' 'त्यो ता बुझेँ। खाट्टी समस्या के हो कुन्नि ?' ब्वाँसोले सत्य नछिमली नछाड्ने सुर कस्यो।

तीनतिर पहाड थियो। बिचको उर्वर भूमिमा सबै जन्तुले मुकाम बनाएका थिए। दिनदहाडै पहाडमा डढेलाको लप्को देखियो। सक्ने जतिले ज्यान हत्केलामा लिएर दगुरे। भुला बाँदर भने अशक्त र बालबच्चा ओसार्नमै व्यस्त थियो। सबैको ज्यान बचायो तर आफ्नै बचाउन सकेन।

यस्तो यथार्थ इतिवृत्त बुझेर ब्वाँसाले भन्यो- 'छिमेकीको शोक हाम्रै शोक हो। धन्दा नमान्नुस्, शोकलाई शक्तिमा बदल्ने उपायको प्याकेज चाँडै घोषणा हुनेछ।'

# 'पूर्ण बहादुरको सारङ्गी'मा प्रकाश



गायक प्रकाश सपूतले फिल्म अभिनयलाई निरन्तरता दिने भएका छन्। अघिल्लो वर्ष उनको डेब्यु फिल्म 'परदेशी २' रिलिज भएको थियो, जुन व्यावसायिक रूपमा सफल पनि भयो। अब उनले दोस्रो फिल्मको रूपमा 'पूर्ण बहादुरको सारङ्गी' मा काम गर्ने भएका छन्। शुक्रबार निर्माण टिमले फिल्ममा उनी कलाकारको रूपमा अनुबन्धित भएको जानकारी गराएको छ।

सरोज पौडेलको निर्देशनमा बन्न लागेको फिल्मको केही दिनअघि मोसन पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको थियो। जसमा अभिनेता बिजय बरालले 'भ्वाइस ओभर' दिएका थिए। फिल्ममा उनको पनि मुख्य भूमिकामा रहने जानकारी प्राप्त छ। आगामी जेठ दोस्रो साताबाट फिल्मको छायांकन शुरू गरिँदैछ।

सेभेन सिज इन्टरटेनमेन्टले निर्माण गर्न लागेको फिल्ममा निर्देशक पौडेल स्वयम्को लेखन छ। २०८२ सालमा विश्वभर प्रदर्शनको तयारी गरिएको फिल्ममा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माताको रूपमा छन्। रमेश चौलागाँईं र हरि श्रेष्ठ कार्यकारी निर्माता हुन्। प्रशान्त शिवाकोटीको संगीत रहने फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ।

फिल्मले गहन विषयलाई उठान गर्न लागेको निर्माता पौडेलले जानकारी दिएका छन्। मोसन पोस्टरमा बाबु-छोराबीचको गन्थनमन्थन देखाइएको थियो। जहाँ बाबुले छोराका लागि देखेको सपना गीत र संवादमार्फत् व्यक्त थियो। बाबुको भूमिकामा बिजय बराल देखिने जनाइएको छ।

गजल

# खुसी नै छु



धर्मिला कार्की

गर्न सकिनँ गतिलो आर्जन खुशी नै छु
भेटिएन कतै आफ्नो-पन खुशी नै छु
आस्था टुट्यो एकोहोरो गर्दा प्रेमको पूजा
चाहेनौ गर्न दिलभित्र जतन खुशी नै छु
ठक्कर खायो, पत्थर बन्यो आँधी हुरी सह्यो
अब हिउँ जस्तो पग्लिन्न मन खुसी नै छु
झुटो बोल्यौ सँधै, मैले सत्य ठानिरहेँ
न खोज्यौ जोगाउन आश्वासन खुशी नै छु ?
जिन्दगी नै धितो राखी लडेँ तिम्रो निम्ति
कहिल्यै पाइनँ मिठो वचन खुशी नै छु।

**गार्मा मा.वि., सोलुखुम्बू**

# कहिलेकाहीँ



प्रकाश सापकोटा

बञ्चरोले पनि घुँडो ताक्दो रैछ कहिलेकाहीँ
नखाएको बिष पनि लाग्दो रैछ कहिलेकाहीँ
जून ठानेँ, जून मानेँ, जून सँगै दाँजिरहेँ
जूनलाई कुहिरोले ढाक्दो रैछ कहिलेकाहीँ
सहेकै हुँ, सहेकै छु, सहिदिन्थेँ अझै पनि
सहनुले पनि सीमा नाघ्दो रैछ कहिलेकाहीँ
देखे पनि देखेकोलाई सत्य मान्नु कसो गरी
बाहिर बेग्लैभित्र बेग्लै पाक्दो रैछ कहिलेकाहीँ
लैजा भन्छु लैजाँदैन, किन होला नलगेको ?
आर्यघाटले पनि आराम माग्दो रैछ कहिलेकाहीँ ।

**(कोपन्हेगन, डेनमार्क)**

# अविस्मरणीय क्षण: मकै रुङ्न जाँदा...



जेबी खत्री

म यति बेला ३८ वर्ष पहिलेको कुरा उक्काउँन खोज्दैछु। त्यतिबेला म त्यस्तै ८/९ वर्षको थिएँ होला। ३८/३९ सालतिरको कुरा हो। हाम्रा दुई खला खेत घर नजिक थिए। लगभग पुग्नलाई आधा घण्टा, फर्कनलाई एक घण्टा समय लाग्ने गोरेटो बाटो। घरदेखि तल पुछारमा डुँणेँ खेत थियो। छतिमने अलि तल ढुकुरेको पुछारमा लखुवा खोला पारि पर्थ्यो। दुवैमा लखुवा खोलाको पानी लाग्ने।

चैते धान रोप्न पानी नपुग्ने। हामी हिउँदे धान मात्र लाउँथ्यौँ। चैते मकै छर्थ्यौँ। यसो गर्दा धान पनि मकै पनि राम्रो फल्थ्यो। बाली पनि सप्रेर आउँने। उब्जनी पनि बढ्ने। एउटै बाली एउटै माटोमा लाइरहँदा रमाएर नफल्ने। आ धान रोप्यो। पानीकै दुःख।

कतिसँग बाझ्नु। मकै रोप्यो १/२ पल्ट पानी लाउँन पाइयो भने त भइहाल्छ। दुई बाली धान लायो। दुवै बाली धान त्यति फल्दैन। चैते मकै लायो। मंसीरे धान लायो भने मकै पनि लोध्रो फल्छन्। धान पनि लोध्रो हुन्छ। धानले गर्दा रातभरिरातभरि पानीमा कुद्नुपर्छ। न सुत्न पाइँन्छ। जिउलाई पनि तग्लित। खडेरी नै परे पनि ३०/४० भारी मकै कहीँ जाँदैन। स्यार्रसुर आकासबाट छेक पारेर पानी पर्दियो भने त ५०/६० भारी मकै एउटै खेतमा फलि हाल्छन्। तौली खान खाँचो हुँदैन। नयाँ खोलामा फलिहाल्छ भन्नुहुन्थ्यो बुवा। नयाँ खोलामा पनि थिए, हाम्रा दुई खला खेत। उहाँ त खेतको दुईतिरबाट कुलामा पानी कुद्थ्यो। पानीको दुःख थिएन। समाहा मात्र मिलाई दिनुपर्ने। कुलामा पानी बढेर आएपछि आफैँ लाग्ने खेतमा पानी। उताको खोलै ठूलो। जस्तै खडेरीमा पनि खोलामा पानी नसुक्ने। अलि टाढाको खेती थियो नयाँ खोलाको खेती।

बोरामा नाम्लो लाएर ओसार्नुपर्ने धानका बोरा। खेतबाट हिँडेको तीन घण्टामा मात्र धानको भारी लिएर घर आइपुगिन्थ्यो। दुःखको खेती थियो। उसबेलाको कुरा हो। अहिले त बारीको काँल्ला-काँल्लाबाट गाडीको बाटो खोलेको छ भनेको सुन्दा सपना जस्तो लाग्छ। मारिमेटी हामी मधेश झरेकै १६/१७ वर्ष जति भइसकेछ। मकैका सुत्लामा खोया पस्न थालेपछि स्यालको बास खेतमै हुने।

खोयामा दाना लाग्न थालेपछि त झन् अचाक्ली खेदो गर्ने। एक रात रुँङ्न गएन भने सोत्राम पार्ने स्यालले मकै। खान लाको बाली काँ तेसरी हुन्छ। रुँङ्न जानुपर्छ मकै न रुँडी हुँदैन भन्नुहुन्थ्यो बुवा। कहिले कसलाई कहिले कसलाई साथी लिएर जानु हुन्थ्यो बुवा मकै रुँङ्न। कहिले डुँणेँ, कहिले छतिमने खेतमा। साथी नपाउँदा मलाई लु हिँड केटा आज मकै रुँङ्न जानुपर्छ डुँणेँ खेत। पढ्नु पर्‍थ्यो तैँले। अब आज कोही साथी पाइएन भन्नुहुन्थ्यो र मलाई नै भएपनि लिएर जानु हुन्थ्यो। म जस्तो केटाकेटी मान्छे के साथी हुनु। उही बोल्नको सादर चाहिँ हुन्थेँ बुवालाई। आमा पनि जा जा नहुन भन्दा त बोलीको भएनि बाउको साथी हुन्छस् भन्नुहुन्थ्यो। छतिमने खेत अर्कैलाई अध्याँ दिने गरेकोले हामी मकै रुँङ्न उति जानु पर्दैनथ्यो।

मलाई मकै रुँङ्न जान पाए के पढ्नु पर्‍थ्यो। खुशीले खुट्टा उफार्थेँ। हामी स्यालले मकै खाने बेला भएपछि कटेरो बारबेर गर्न थाल्थ्यौँ। म त्यतिबेला पनि बुवाको पछि लाग्थेँ। खेतको



सिरानमा कटेरो हुन्थ्यो। अलि पर मुढा जोतेर आगो बाल्थ्यौँ। छेउमा एउटा बाँस फुटाएर गाडेको हुन्थ्यो। त्यसमा डोरी लाएर आफूतिर तान्दै-छोड्दै गर्दा फुटेको बाँसका भाटा एक-आपसमा ठोक्किएर तालीको जस्तो खोलै थर्किने गरिको आवाज आउँथ्यो। आवाजले गर्दा स्याल परपरै हुने। सातो जान्थ्यो स्यालको। के मकै खान आउन्। हामी निदाएपछि दाउ छोप्दा रहेछन्। आफू कटेरोमा बस्यो। डोरी तानेर बाँस बजाउँदै स्याल थर्कायो। मलाई लानुछ भने बुवा खाना खाएर लु हाओ केटामाथि टाँढामा लाइट कता छ खोजेर ले। बेटारीसेटारी हालेर ठीक पार भन्नु हुन्थ्यो। कहिले आफैँ खोजेर अस्कोटको गोजीमा खुत्रुक्क लाइट खसाउनु हुन्थ्यो र मलाई लु हिँड् भन्नुहुन्थ्यो। त्यतिबेला जिप भन्ने इण्डियन लाइट हुन्थ्यो। उतिबेलाको दामी र बलियो लाइट थियो त्यो। ब्याट्री एभरेडी भन्ने हुन्थ्यो। हाम्रो साथमा त्यही एउटा लाइट र ओड्नका लागि एउटा आसामे रेडिको खास्टो हुन्थ्यो। साँझ पर्न लागेपछि खाना खाएर हामी मकै रुँङ्न खेततिर झर्थ्यौँ। म बुवाको पछि लाग्थेँ। कात्तिकेको पुछार। सिम्ले गौँडो। सेतो पैरो हुँदै सिम्लेघारी, करुम डाँडो। गरगरे भएर धोइखोलो तरेपछि पुगिन्थ्यो खेतमा। बुवा पर्तिर मुढा जोतेर आगो बाल्न थाल्नु हुन्थ्यो। म गुन्द्री ओछ्याएर कटेरामा बस्थेँ। अँध्यारोमा डराउँछ कि भनेर होला बेला-बेला बुवा मलाई बोलाउँदै के गर्दैछस् केटा ? भनेर सोध्नु हुन्थ्यो। म केही पनि गरेको छुइँन। त्यतिकै बसिराको छु भन्थेँ। ए बस्दै गर है म आगो बालेर आउँछु। आगो बालेन भने भुसनाले दुःख दिएर रातभरि सुत्न पाइँदैन भन्नु हुन्थ्यो।

बुवा कटेराको डिलमा बसेर मकैको खोस्टामा बेरेको लाम्पाते सुर्ती तान्नु हुन्थ्यो। बेलाबेला ख्वाक्क खोक्नु हुन्थ्यो। हा.. हाई गरेर लामो खोलै थर्कने गरिको हाई काढ्नु हुन्थ्यो। रातीसम्म रामायणका स्लोक लय हालेर गाउनु हुन्थ्यो। स्याललाई खेतमा मान्छे भएको सङ्केत पनि गर्नु पर्‍थ्यो। यसो गर्दा केही बेरलाई आफ्नो निद्रा पनि हट्थ्यो। म बेला-बेला स्याल तर्साउन गाडेको बाँसको डोरी तानेर खोलै थर्कने गरि ड्याम्-ड्याम्-ड्याम् पारेर त्यो बाँस बजाउँथेँ। यसरी वारिपारिका पाखै थर्कने गरि बाँस पड्काउँन मलाई कम्ती रमाइलो लाग्दैनथ्यो। कति बेला निदाइन्थ्यो पत्तै हुँदैनथ्यो। विहान जुरुक्क उठ्यो। बुवा अगि खेत डुलेर आइसक्नु हुन्थ्यो। यति गर्दा पनि कहिले त स्यालले मकै खान्थ्यो। पुछारका सुर्कामा १०/१२ घोगा खाएछ हाओ केटा पड्केले आज पनि भन्दै आउनुहुन्थ्यो बुवा। स्वात्तै निदाइहालिएछ क्यार बेलुकै। विहानका राति त खाएको होइन। बेलुकै खाए जस्तो छ। अब आजदेखि चाहिँ चलाख हुनुपर्छ है केटा। पल्केपछि त सक्छ भन्नु हुन्थ्यो। साँच्चै रमाइलो लाग्थ्यो मलाई बुवासँग मकै रुँङ्न जान। बुवा सुर्ती खोज्न तल्लागोठ माथ्लागोठ जानुभएको बेला मौका पारेर म बुवाले नदेखिनदेखि मकै भाँचेर ल्याउँथेँ र पोलेर खान्थेँ। बुवा आइपुग्दा म २/४ घोगा मकै पेटमा लुकाइ सक्थेँ। बुवाले पत्तै नपाउँने। बुवा अहिले नै मकै जुठो हाल्नु हुँदैन। सुक्न थालेपछि चढाएर मात्र खानुपर्छ। अहिल्यै मान्छेले मकैमा जुठो हाल्यो भने त स्यालले झन् खेदो गर्छ। अन्नमा सह पनि हुँदैन। देउतालाई नचढाई आफूले खायो भने त मुख पो बाङ्गिन्छ त भन्नु हुन्थ्यो। डर देखाउँनु हुन्थ्यो। डरले म कहिले काहीँ त आफ्नो अनुहार सुम्सुम्याउँन पनि पुग्थेँ। मुख बाङ्गिएको नपाएपछि ए बुवाले ढाँट्नु भएको रहेछ झैँ लाग्थ्यो। मकै न्वाँगी खाँदा चल्ला छोडेर मात्र खाने चलन थियो। घरका अरूले थाहै नपाउने। मैले त्यो भन्दा पहिले नै न्वाँगी गरिसकेको हुन्थेँ। हरिया मकै पोलेर खानुपर्ने। सुकेपछि के खानु। म त पोलेर खान हुने भएपछि शुरु गरिहाल्ने हो। यसो भनेर बटारिएपछि कहिले काहीँ आमा जान त जा एउटा घोगो ल्याएर पोलेर खा तर कसैले नदेखुन् नि। देखे भने फेरि अरूलाई पनि चाहिन्छ। बाउले चाल पाउलान् भन्नुहुन्थ्यो। आफ्ना बारीका मकै खानु छ केको डर ! आमाले त्यसो भनेपछि म खुसीले उफ्रदै हातमा हँसिया लिएर मकै लिन खुसुक्क बारीतिर छिर्थेँ।

एक दिन मैले सँधै झैँ मकै खाएर खोया र खोस्टा पर लगेर बुवाले नदेख्ने ठाउँमा लुकाएर फालेको थिएँ। बुवाले कसरी देख्नु भएछ। हैन कल्ले मकै पोलेर खाएछ ? त्याँ पर खोल्सामा खोस्टा फ्याँकेको छ कि तैँले हो ? भनेर सोध्नुभयो। मैले कालोनिलो हुँदै भनेँ, खै कोनी मैले त होइन।

बुवाले मुसुमुसु हाँस्दै भन्नुभयो, हुँदैनथ्यो तैँले नै हुनुपर्छ नभए अरू कसले हो त ? अबदेखि चाहिँ त्यसरी नखानु है। त्याँ खालास नि नचढाइ खानु हुँदैन, भनेको भन्नुभयो। आज चैं मार्ने हुनुभो ठानेको तर केही गर्नु भएन। बाहिर मुखले नखा भनेपनि भित्री मनले चाहिँ खाइहालेछ खाओस भने जस्तो सपोट पो गर्नुभयो। त्यति बेलासम्ममा मेरो पनि ओठबाट हाँसो फुस्किसकेको थियो। जे गर्न हुँदैन, भन्यो, त्यो गर्नैपर्ने। यो पनि मेरो जीवनको एउटा अविस्मरणीय क्षण हो।

# चिकित्सक नहुँदा प्रसूति सेवा ठप्प

**भद्रपुर, बैशाख १४।** कनकाई नगरपालिका-४ सुरुङ्गा निवासी मीना बस्नेत (कटुवाल) बिहीबार बिहान ११ बजे भद्रपुरस्थित प्रादेशिक अस्पताल पुगेकी थिइन् ।

३६ वर्षीया मिना गर्भवती छिन् । मीना परिवारसहित सुत्केरी गराउन अस्पताल पुगेकी रहिछिन् । सुत्केरी व्यथाले च्यापेपछि मीना अस्पतालको स्त्री तथा प्रसूति रोग विभागतर्फ सोझै गइन् । विभाग पुग्दा स्त्री तथा प्रसूति रोग विशेषज्ञ चिकित्सक बस्ने ढोकामा ताला झुण्डिएको थियो ।

ढोकामा ताला देखेपछि मीनासहित उनका परिवारजन वरिपरि आँखा डुलाए । उनीहरूको आँखा ढोका बाहिर टाँसिएको एउटा कागजमा पऱ्यो । कागजमा अस्पतालको सूचना लेखिएको रहेछ । त्यो पनि स्त्री रोग सम्बन्धी विशेषज्ञ सेवा बन्द भन्ने बारेमा ।

सेवा बन्द हुँदा व्यथाले च्यापेकी मिना सुत्केरी नगराई त्यतिकै अस्पतालबाट फर्किइन् । नगर कनकाई अस्पतालमा नियमित गर्भ जाँच गराएकी मीनालाई त्यहाँका चिकित्सकले प्रादेशिक अस्पताल पठाएका थिए । चिकित्सकले सुत्केरी गराउने मिति तोकिएको भन्दा हप्ता दिन बढी बितिसकेको थियो । त्यसो भएर उनलाई तत्काल परिवारजनले दमकस्थित आम्दा अस्पतालतर्फ लगिन् ।

उनको परिवारजनको एउटै गुनासो छ- 'प्रदेशकै ठुलो सरकारी अस्पतालको यस्तो अवस्था भएपछि गरीब तथा निमुखा जनता कहाँ गएर उपचार गराउने हो, चर्को शुल्कतिर निजी अस्पतालमा ?' 'दुई जना स्त्री तथा प्रसूति रोग विशेषज्ञ रहेको अस्पतालमा दुवै जना चिकित्सकसँगै बिदा बस्नु पर्ने, अनि यहाँका आएका बिरामीहरूलाई बिचल्ली बनाउन पाइन्छ ?'- उनीहरूले भने ।



मीना जस्तै अरू बिरामीहरू पनि सूचना पढेकै आधारमा त्यतिकै फर्किन बाध्य भइन् । कोही सुत्केरी गराउन पुगेकी थिइन भने कोही नियमित गर्भ जाँच, पाठेघर लगायत सम्बन्धी समस्या लिएर अस्पताल गएकी थिइन् ।

कति बिरामीलाई त टिकट काउन्टरबाटै कर्मचारीले फकाइदिएका थिए । गौरीगञ्ज गाउँपालिका-१ निवासी ६६ वर्षीया निर्मला कटुवाल बुधबार बिहान अस्पताल पुगेकी थिइन् । पाठेघर समस्या लिएर अस्पताल पुगेकी उनी पनि जाँच नगराई फर्किन बाध्य भइन् ।

प्रादेशिक अस्पतालमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. एलिजा गौतम र डा. शिवेश चौधरी कार्यरत छन् । डा. गौतम स्थायी कर्मचारी हुन भने चौधरी छात्रवृत्ति कोटामा कार्यरत छन् । अस्पताल प्रशासनले टाँसको सूचनामा लेखिएको छ, स्त्री रोग विशेषज्ञ चिकित्सकहरू बिदामा रहनु भएको कारणले मिति २०८१ बैशाख १२ गतेदेखि बैशाख १९ गतेसम्म (८ दिन) सेवा बन्द हुने सम्बन्धित सबैमा जानकारी गराइन्छ । यसबाट पर्न जाने असुविधा प्रति अस्पताल प्रशासन क्षमाप्रार्थी छ ।

यता अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खडकाले दुवै चिकित्सकसँगै बिदामा बस्दा सेवा प्रभावित भएको स्वीकारे । दुवै जना काम विशेषले बिदा लिएर गएको बताउँदै उनले भने- 'सेवा प्रभावित हुनु हुँदैन थियो, यस विषयमा म अस्पताल प्रशासन गम्भीर छ, ८ दिन बन्द गरिने सूचना टाँसिए पनि त्यो भन्दा अघि नै चिकित्सक बोलाएर सेवा सुचारु गराउने प्रयासमा छु ।'

अस्पतालको स्त्री तथा प्रसूति रोग विभागमा चिकित्सक डियुटीमा हुँदा पनि गरिब तथा निमुखा जनताले सास्ती झेल्दै आइरहेको छ । बिहान, दिउँसो सुत्केरी गराउने अस्पतालमा साँझ परेपछि चिकित्सक नै नबस्ने गरेको जनगुनासोहरू पनि आइरहेको छ ।

यहाँका चिकित्सकहरू निजी अस्पतालमा समेत काम गर्दा साँझ परेपछि सुत्केरी व्यथाले च्यापेर आएका महिला बिरामीलाई यहाँबाट अन्यत्र रेफर समेत गरिँदै आएको छ । सुत्केरी व्यथा च्यापेकोले बाध्य भएर गरिब जनताले चर्को शुल्क तिरेर भए पनि निजी अस्पताल गएर सुत्केरी गराउनुपर्ने बाध्यता छ ।

# आम औषधि सेवन कार्यक्रमलाई सफल बनाउने प्रतिबद्धता



**अर्जुनधारा, वैशाख १४।** यही वैशाख १६ गतेदेखि ३० गतेसम्म सञ्चालन हुने हात्तीपाइले रोगबिरुद्धको आम औषधि सेवन कार्यक्रमलाई सफल बनाउन बिहीबार सम्पन्न एक कार्यक्रमका सहभागीहरुले सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन् ।

आम औषधि सेवन कार्यक्रमलाई लक्षित गरी स्वास्थ्य कार्यालय झापाको आयोजना र अर्जुनधारा नगरपालिका अन्तर्गत स्वास्थ्य शाखाको संयोजनमा नगरपालिकाको सभाहलमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले सामूहिक प्रतिबद्धता व्यक्त गरेका हुन् ।

स्वास्थ्य शाखाका प्रमुख सन्तोष चिमरीयाका अनुसार कार्यक्रमका सहभागी नगरपालिकाभित्र रहेका निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक, डाइग्नोष्टिक सेन्टर र सरोकारवाला संघ-संस्थाका प्रतिनिधिहरुमध्ये डा. मौसम यादवले अभियानलाई सफल बनाउन सहभागीहरुको तर्फबाट सामुहिक प्रतिबद्धता व्यक्त गरेका थिए ।

आम औषधि सेवन कार्यक्रमको बारेमा सबैलाई जानकारी गराउँदै प्रचार प्रसारलाई तीव्रता दिने, कार्यक्रमप्रति सबैको अपनत्व सिर्जना गर्ने तथा कार्यक्रमको सफलताको लागि प्रतिबद्धता बढाउने उद्देश्यले उक्त अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक एवम् कार्यक्रमका सहजकर्ता विश्वनाथ श्रेष्ठले जानकारी दिए ।

सहजकर्ता श्रेष्ठसँगै प्राथमिक स्वास्थ्य केन्द्र धुलाबारीका डा .सञ्जीपकुमार यादवले सहजीकरण गरेको कार्यक्रममा सहभागीहरुलाई हात्तीपाईले रोगको परिचय, हात्तीपाइले आम औषधि सेवन कार्यक्रममा औषधि किन खाने, विश्वमा हात्तीपाईले रोगको अवस्था, आम औषधि सेवनको रुपरेखा, झापामा हात्तीपाईलेको अवस्थालगायतका विषयमा जानकारी गराइएको थियो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमालको अध्यक्षतामा आयोजित कार्यक्रममा स्वास्थ्यकर्मी, स्वयंसेविका तथा सरोकारवालाहरुको सहभागिता रहेको थियो । ३२ जनाको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखा प्रमुख सन्तोष चिमरीयाले गरेका थिए ।

नेपाल सरकारले पहिलोपटक सन् २००३मा पर्सा जिल्लाबाट शुरु गरेको आम औषधि सेवन कार्यक्रम यस वर्ष झापासहित धनुषा, महोत्तरी, सर्लाही, रौतहट, रसुवा र कपिलवस्तुमा सञ्चालन हुने बताइएको छ ।

# अध्यक्ष कप फुटवल प्रतियोगिता हुने



**कमल, बैशाख १४।** कमल-१मा प्रथम वडा अध्यक्ष कप फुटवल प्रतियोगिता हुने भएको छ ।

वडा नम्बर १ खेलकुद बिकास समितिको आयोजनामा 'लागूऔषधविरुद्धको हाम्रो अभियान, खेलकुदमा युवाहरुको योगदान' भन्ने नाराका साथ आगामी बैशाख १७ गतेदेखि २२ गतेसम्म कमल गाउँपालिका-१ सरङ्गपाडास्थित खेलकुद मैदानमा सञ्चालन हुने जानकारी दिइएको हो ।

प्रतियोगितामा गाउँपालिकाका ६ वटा वडाबाट एक/एक र वडा नम्वर १ बाट दुई वटा टिम गरी जम्मा ८ वटा टिम प्रतियोगितामा सहभागी हुने छन् भने जनप्रतिनिधि, पालिकास्तरीय खेलकुद विकास समिति र कर्मचारीबीच मैत्रीपूर्ण खेल हुने सल्लाहकार समितिका सदस्य सचिव शिव खड्काले जानकारी दिए ।

प्रतियोगितामा प्रथम हुने टिमले नगद ४० हजारका साथै ट्रफी, मेडल र प्रमाण-पत्र प्राप्त गर्नेछ भने द्वितीय हुने टिमले नगद २० हजारका साथै ट्रफि मेडल र प्रमाण-पत्र प्राप्त गर्नेछ ।

यसका साथै प्रतियोगिताको उत्कृष्ट खेलाडी, उदयमान खेलाडी र उत्कृष्ट किपरले जनही ५/५ हजार नगदका साथै मेडल र प्रमाण-पत्र पाप्त गर्ने छन् भने हरेक दिनको खेलमा उत्कृष्ट खेलाडीले १ हजार ५ सय नगद प्राप्त गर्ने वडा नम्बर १ खेलकुद बिकास समितिका अध्यक्ष भुवन भण्डारीले जानकारी दिए ।

प्रतीयोगिताका लागि वडा नम्वर १ बाट २ लाख रुपैयाँ र विभिन्न संघ-संस्था, उद्योग, फर्म तथा खेलप्रेमी मानुभावहरुबाट प्राप्त हुने एक लाख पचास हजार रुपैयाँ गरी जम्मा ३ लाख ५० हजार रुपैयामा प्रतियोगिता सम्पन्न हुने छ ।

लागूऔषधका कारण पछिल्लो समय युवाहरुमा विभिन्न समस्या आएका बेला त्यसलाई न्यूनीकरण गर्दै सभ्य समाजको निर्माणका लागि खेलकुद महत्वपूर्ण हुने भएकोले चालूआर्थिक वर्षदेखि वडा अध्यक्ष कप शुरु गरिएको हो ।

यस्ता प्रतियोगिताले समाजमा हुने विभिन्न अपराधिक घटनालाई न्यूनीकरण गर्दै समुन्नत समाज निर्माणमा सहयोग पुग्ने कमल गाउँपालिका-१का वडाध्यक्ष केदार कटुवालले बताए । शहर केन्द्रित हुने यस्ता प्रतियोगिता गाउँमा सञ्चालन गर्न निकै चुनौति छ । तर पनि प्रतियोगिताले गाउँमा रहेका खेलाडीको क्षमताको पहिचान गरी आगामी दिनमा गाउँपालिकालाई खेलकुदको उर्भरभूमिको रुपमा चिनाउँदै अगाडि बढ्न प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्नेछ ।

# सहाराद्वारा शैक्षिक सामग्री वितरण

**मोरङ, बैशाख १४।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था बाहुनी सेवा केन्द्रले विद्यार्थी भर्ना अभियानसँगै एकसय १० जना बिर्द्यालाई शैक्षिक सामाग्री बितरण गरेको छ ।

झापाको बिर्तामोड-२स्थित चारपानेमा मुख्य कार्यालय रहेको नेपालकै नम्बर वान सहकारी संस्था सहारा साकोसको बाहुनी सेवा केन्द्रले मोरङको बेलबारी नगरपालिका वडा नम्बर ५मा बिद्यार्थी भर्ना अभियान कार्यक्रम सम्पन्न गरेको हो ।

सहारा नेपाल सकोस बाहुनी सेवा केन्द्रको प्रायोजन तथा जनता आधारभूत बिद्यालय बेलबारी-५ मोहनडाँगीको आयोजनामा बिद्यालयमा बिद्यार्थी भर्ना कार्यक्रम गरिएको



सेवा केन्द्र प्रमुख उमेश भारतीले जानकारी दिए । 'समयमै भर्ना समयमै ज्ञान, गुणस्तरीय शिक्षा सवैको अभियान' भन्ने मुल नाराका साथ नेपाल सरकारले बैशाख १५ गतेसम्म देशब्यापी भर्ना अभियान सञ्चालन गरेको छ । ६ जना महिला शिक्षिका रहेको उक्त बिद्यालयले ऋषिदेव र मुसहर समुदायका प्रत्येक घरघरमा ब्यानरसहित पुगेर बालबालिकालाई बिद्यालयमा भर्ना गरौं भन्ने अभियान चलाएको थियो । बिद्यालयका व्यवस्थापन समिति अध्यक्षको नेतृत्वमा उक्त अभियान सञ्चालन गरिएको बताइएको छ ।

बिद्यालयमा नवागन्तुक बिद्यार्थीहरुलाई अविर लगाएर स्वागत गरिएको थियो । भर्ना अभियान कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पोष्टबहादुर बस्नेत, प्रधानाध्यापक भवानीकुमारी चौहान, सहारा कर्मचारी सेवा केन्द्र प्रमुख उमेश भारती, बिपेन्द्र यादव, रबिनाकुमारी चौधरीलगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन बिद्यालयकी शिक्षिका भगवती खतिवडाले गरेकी थिइन् ।

# विभिन्न देश पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, बैशाख १४।** वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा देखाई विभिन्न देश पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा धनकुटा साँगुरीगढी गाउँपालिका-५ घर भई काठमाडौं चावहिल बस्ने ५२ वर्षीय कुलबहादुर लिम्बू र झापा दमक नगरपालिका-५ घर भई काठमाडौं बुढानिलकण्ठ नगरपालिका-६ हात्तीगौँडा बस्ने ३८ वर्षीय विजय भण्डारी रहेका छन् ।

पक्राउमध्ये कुलबहादुरले क्रोएसिया पठाईदिन्छु भन्दै २ जना पीडितहरूबाट २ लाख ५५ हजार रूपैयाँ ठगी गरेको र विजयले स्पेन पठाइदिन्छु भन्दै ८ जना पीडितहरूबाट ५६ लाख रूपैयाँ ठगी गरेको खुल्न आएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले कुलबहादुरलाई काठमाडौं जोरपाटी र विवेकलाई काठमाडौं बबरमहलबाट पक्राउ गरेको हो ।

उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।


## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) सन्तोष | जीवन कार्की |
|---|---|---|
| दमकबाट : बिहान ६ बजे | | |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क : ९८१४९१७७११
/९८४२७३३६१२ /९८४२०७०५८६
/९७४२३१०३२८

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## भद्रपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### भद्रपुर, झापा
## हकदावी गर्ने सम्वन्धी सूचना

*सूचना प्रकाशित मिति : २०८१/०१/१४*

भद्रपुर नगरपालिका वडा नं. ६ बस्ने श्री स्नेहा झाको नाममा दर्ता कायम रहेको साविक महेशपुर-८ हाल भद्रपुर न.पा.वा.नं. ६ को कि.नं. ५६६७ को व.मि. १८६.२३ जग्गामा साविक भवन निर्माण गर्न नक्सा पास गरी पाउँ भनी नक्सा सहित निवेदन पेश भई संधियारको नाममा सुचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँ दा पुर्वतर्फको संधियार श्री अमृतराज जोशी सरजमीन स्थलमा अनुपस्थित हुनु भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) वमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाईको कुनै किसीमको दावि विरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगरकार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला म्याद भित्र दावी विरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराईन्छ ।

बोधार्थ :
**श्री सूचना प्रविधि शाखाः- नगरपालिकाको website मा सूचना प्रकाशित गर्ने ।**

## कमल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### तोपगाछी झापा कोशी प्रदेश, नेपाल
## सँधियारका नाममा जारी भएको सूचना

*सूचना प्रकाशित मिति : २०८१/०१/१५*

***श्री निरा राई** (पूर्वतर्फको सँधियार)*
***श्री कमलादेवी सिटौला** (उत्तरतर्फको सँधियार)*

साविक मधुमल्ला वडा नं. ६ ख हाल कमल गाउँपालिका वडा नं. ५ बस्ने **श्री सुजता कोइराला**ले निजको नाममा दर्ता कायम रहेको जग्गामा निर्माण हुने पक्की १ तले भवनको घर नक्सा पास प्रमाण पाउ भनी निवेदन तथा घर नक्सा पेश गर्नुभएको गर्नुभएकोमा तपाई सँधियारको सर्जमिनमा उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । भवन निर्माणबाट सँधियारलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई कुनै हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाणसहित यस कार्यपालिकामा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दाबी विरोध नभए कानून बमोजिम भइ जाने व्यहोरा समेत सूचित गरिन्छ ।

निम्न

| निवेदक/ठेगाना | कित्ता नं. | क्षेत्रफल | पूर्वको सँधियार | पश्चिमको सँधियार | उत्तरको सँधियार | दक्षिणको सँधियार | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|---|
| सुजता कोइराला वडा नं. ५ | ३६८७ | ०-०-९.२५ | रिना राई | | कमलादेवी सिटौला | | २०८०/११/२२ |



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन त्यति अनुकुल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मन प्रशन्न रहला, धन, स्वास्थयलाभको साथै शुख प्राप्त होला, शत्रुमाथी विजय प्राप्त हुनेछ शुभ खबर सुन्न पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्यले साथ दिने छैन, शरिरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरिर गलेर जानेछ, मन खिन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई पैभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय त्यती अनुकुल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
अधुरा रहेका कामहरू सिद्धहुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ , मन हर्षित हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिमा बिचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रनलागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई पैभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
बिपरित लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाँइको समय उत्तमसिद्धि रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्चहुने समय छ, मावलीपक्षबाट अशुभ समाचारको योग छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँकामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।